**श्री**
**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**
**इजलास**
**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**
**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**
**फैसला**
**२०७८।०७९ सालको निर्णय नं. २३४**
**पुनरावेदन नं. ०७७-RB-०४७४**
**मुद्दाः– मुल्य अभिवृद्धि कर (२०७१/०७२) ।**

| | |
|---|---|
| टि.पी अधिकारी एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्स् डिल्लीबजार काठमाडौको (स्थायी लेखा नं. ६००५५६८७१) को तर्फबाट अख्तियार प्राप्त ऐ. का प्रोप्राइटर ठाकुर प्रसाद अधिकारी.........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय, पुतलीसडक................................................. १<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट.........................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सृजना अधिकारी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, पुतलीसडक
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री नर बहादुर थापा
शुरु कर्यालयको निर्णय मितिः–२०७६/०४/२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**
निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/२९

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा आन्तरिक राजस्व विभागको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता टि.पी अधिकारी एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्सको नाममा मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कार्यालयको मिति २०७६।०२।१४ को निर्णय अनुसार मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ (१) बमोजिम कर, जरिवाना, थप दस्तुर र ब्याज समेत रू. २१,९१,४४६।—को प्रारम्भिक कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, पुतलीसडकबाट मिति २०७६/०२।१४ मा जारी भएको आदेश।

२. आन्तरिक राजस्व कार्यालय, पुतलीसडकबाट मिति २०७६/०२।१४ मा जारी भएको सुचना करदाताले मिति २०७६।०३।१९मा बुझिलिई लिखित जवाफ मिति २०७६/०३/०२ मा पेश गरेको ।

३. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा कर, जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू. ११,५४,४२९।-मुल्य अभिबृद्धि कर नियमावली २०५२ नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, पुतलीसडकबाट मिति २०७६।०४।२४ मा भएको निर्णय पर्चा ।

४. आन्तरिक राजस्व कार्यालय, पुतलीसडकले मिति २०७६/०४/२४ मा जारी गरेको आ.व. २०७१/०७२ को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी

टि.पी अधिकारी एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्स् लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०७/०१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ (क) अनुसार करदाताले प्रदान गर्ने सेवामा मु.अ.कर असुल गर्नु पर्नेमा नगरी करछुटको बिक्री कारोवार देखाई विवरण पेश गरेकोले उक्त करछुटको बिक्रीमा मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम कार्यालयले गरेको कर निर्धारण कानुनसम्मत देखिदा निवेदकको जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय ।

६. मुल्य अभिबृद्धि कर ऐन, २०५२ ऐन को दफा २०(४) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको चार वर्ष भित्र गरिसक्नु पर्नेमा ऐनले तोकिदिएको हदम्याद नघाई आन्तरिक राजस्व कार्यालय, पुतलीसडकले गरेको अन्तिम कर निर्धारण प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएकोले बदरभागी छ। लेखाले पुष्टी गरेको लेखापरीक्षकले प्रमाणित गरेको कर योग्य आयविवरणलाई झुट्टा लेखा वा विजक वा अन्य कागजात तयार गरेको भनी गरिएको जरीवाना समेत बदरभागी रहेकोले मुल्य अभिबृद्धि कर ऐन, २०५२ को मर्म एवं भावना विपरित हुने गरि गरिएको अन्तिम कर निर्धारण र जरीवाना समेत नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/१०/२८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०५/२५ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता टि.पी अधिकारी एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्सका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सृजना अधिकारीले आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट पुनरावेदक करदाताको हकमा भएको मुल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कार्यालयबाट भएको मुल्य अभिबृद्धि कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

९. उपर्युक्त बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट पुनरावेदक करदाताको हकमा भएको मुल्य अभिवृद्धि करको सशोधित कर निर्धारण र सोही आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने भई मुल विवाद निरोपणको लागि देहायका प्रश्नमा विवेचना गर्नुपर्ने देखिन आयोः-

(क) पुनरावेदक करदाताबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना भएको छ वा छैन?

(ख) आन्तरिक राजस्व कार्यालय पुतलीसडकको निर्णय हदम्याद भित्र भएको देखिन्छ वा देखिंदैन ?

(ग) करदातालाई मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २९(क) बमोजिम लगाएको जरिवाना न्यायोचित छ वा छैन ?

१०. सर्व प्रथम पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रको प्रकरण नं. ३ मा विवादित रकम रु ११,५५,८४८।- रहेको सोको प्रशासकीय पुनरावलोकनमा निवेदन पेश गर्दा २५ प्रतिशत रु. २,८८,९६२।- दाखिला गरेको र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा रु ३,४७,१४१।- धरौटी वापत जम्मा गरिएको छ भनी व्यहोरा लेखी भौचरको प्रति समेत संलग्न गरेको देखियो। यसरी कर निर्धारण रकम रु. ११,५५,८४८।- रहेको र धरौटी वापत दाखिल गरेको रकम रु. ६,३६,१०३।- भई विवादित कर रकमको पचास प्रतिशत रकम जम्मा भएको मिसिलबाट देखियो । रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी

राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन ।

११. अब करदाताको सशोधित कर निर्धारण कानुनले निर्धारित हदम्याद भित्र भएको छ वा छैन भन्ने अर्को प्रश्न तर्फ हेर्दा, मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २० को उपदफा (४) मा उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार बर्ष भित्र कर निर्धारण गरिसक्नु पर्नेछ भन्ने व्यबस्था रहेको पाइन्छ। आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा पुनरावेदक करदाताले आ.ब.२०७१।०७२ को तेश्रो चौमासिकको मुल्य अभिबृद्धि कर विवरण मिति २०७२।०४।२४ मा बुझाएको देखिन्छ। उक्त कार्यालयले आ.ब.२०७१।०७२ को तीनवटै चौमासिकको प्रारम्भिक कर निर्धारण आदेश मिति २०७६।०२।१४ मा जारी गरी सो को जानकारी करदाताले मिति २०७६।०२।२९ मा प्राप्त गरी लिखित रुपमा मिति २०७६।०३।०२ मा जवाफ समेत पेश गरेको देखिन्छ। करदाताले जवाफमा हदम्यादको कुनै प्रश्न उठाएको देखिदैन। करदाताले मिति २०७२।०४।२४ मा मुल्य अभिबृद्धि कर विवरण पेश गरेको ४ बर्षभित्रमा नै अर्थात मिति २०७६।०२।१४ मा आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट प्रारम्भिक कर निर्धारण आदेश गरेकोबाट मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(४) बमोजिमको हदम्याद नघाई कर निर्धारण गरेको भन्ने करदाताको पुनरावेदन जिकिर स्वतः खण्डित भइरहेको पाइयो। त्यसैले करदाताको सशोधित कर निर्धारण कानुन बमोजिमको हदम्याद भित्रै भएको देखिन आयो।

१२. अन्त्यमा, शुरु कर कार्यालयले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९क. बमोजिम जरिवाना लगाएको निर्णय न्यायोचित छ वा छैन भन्ने तेस्रो प्रश्न तर्फ विचार गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (२) बमोजिम "एक वा एक भन्दा बढी कसुर गरेमा दफा २९क.(१) बमोजिम जरिवाना हुन सक्ने देखियो। करदाताले पेश गरेको वित्तीय विवरणमा Environment and Social Mitigation भनी हुदै नभएको खर्च विवरण समेत उल्लेख गरेको देखिन्छ भने दोस्रो कर अवधिमा कर छुटको विक्री रु. १,४२,६०५।- देखाई कर छुटको विक्री हुनुपर्ने र करयोग्य विक्री हुन नपर्ने सम्बन्धमा प्रमाण पेश गरी आफ्नो दावी समर्थित गराउन नसकेको हुँदा उक्त दफा २९क. बमोजिम गरिएको जरिवाना न्यायोचित नै देखिँदा त्यसलाई गैर कानूनी भन्न मिल्ने देखिएन ।

१३. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ६००५५६८७१ भएका पुनरावेदक करदाता टि.पी अधिकारी एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्सको आ.व. ०७१/०७२ को आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट मिति २०७६/४/२४ मा

मुल्य अभिवृद्धि कर निर्धारण गरेको निर्णय र त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.......................................................................................................... १

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु.....................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू...........................................................................................३

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय**

१) यसमा आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट भएको मिति २०७६।०२।१४ को निर्णय र आन्तरिक राजस्व विभागबाट मिति २०७७।०३।२९ मा भएको निर्णय उपर मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ वा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम निर्धारित विवादित कर रु. ११,५५,८४८/- को आधा रु. ६,३६,१०३/- धरौटी दाखिला गरेको छ भनी पुनरावेदकको पुनरावेदन पत्रमा खुलाई दर्ताका लागि स्रेस्तेदारबाट स्वीकृत भई दर्ता गरेको प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी समेत सम्बन्धमा संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको

छः-

२) मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम शुरु कार्यालयबाट कर निर्धारण भएको थपनिर्धारित करको ५० प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख छ। सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ *(हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३)* बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दा राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राखु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३*(हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२)* को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राखु पर्ने उल्लेख छ।

३) प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) मा तोकिए बमोजिम फोटोकपी अप्रमाणित भौचर नं ८९६३५२३ मिति २०७६।०६।३० बाट राजस्व शिर्षक ३३३१४ <u>मा</u> दाखिला भएको रु.२,८८,९६२/- र भौचर नं १८९२७६७० मिति २०७७।१०।२३ बाट राजस्व शिर्षक ३३३१४ <u>मा</u> दाखिला भएको रु.२,८८,९६२/- र भौचर नं १९०६५९२३ मिति २०७७।१०।२८ बाट राजस्व शिर्षक ३३३१४ <u>मा</u> दाखिला भएको रु.५८१७९/- समेत रु.६,३६,१०३/- मात्र राजस्व खातामा दाखिला गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राखु पर्ने धरौटी दाखिला भएको देखिएन ।

४) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राखु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा "राजस्व न्यायाधिकरणका स्रेस्तेदारको मिति

२०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५) यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु. ५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिनभित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरण साथ दाखिला भएको देखिएको रु. ७६,३५,६१४/– भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र ब्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने*

*भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि बढाउनु भन्ने उक्त निवेदनमा भएको सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

६) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रालि विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिध्दान्त विपरीत हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५(६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

७) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसला समेतका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा आयकर ऐन, २०५८ को दफा ११५(६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी नराखी राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न नसक्ने भनी स्पष्ट व्याख्या, विश्लेषण र संवैधानिक परीक्षण समेत भएको अवस्था छ।

८) मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) अनुसार प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिँदा विवादरहित

करको शत प्रतिशत रकम र विवादित करको एकतिहाई रकम दाखिला गर्न तोकिए बमोजिम माथि सि.नं. ३ मा उल्लेखित भौचरहरुबाट रु.६,३६,१०३/- राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचर मात्र मिसिलसाथ संलग्न रहेको देखिन्छ। प्रशासकीय पुनरावेदन गर्दा दाखिला भएको रकम वाहेक राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) वा मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ अनुसार पुनरावेदन गर्दा अनिवार्य रुपमा दाखिला गर्नु पर्ने धरौटी वापतको थप रकम आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ बमोजिमको धरौटी खातामा रु.५,७७,९२४।- दाखिला गरी सोको भौचर मिसिलसाथ संलग्न भएको हुनुपर्नेमा सो भएको पाइएन ।

९) कर निर्धारण गर्ने अधिकृतको कार्यालयले दिएको लिखित सूचनाको पत्रानुसार विवादरहित करका अतिरिक्त कर, शुल्क, जरिवाना तथा व्याज समेतको थप बुझाउनु पर्ने निर्धारित करको ५० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ वा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा त्यस्तो रकम निर्धारण गर्ने अधिकृतले तोकेको कार्यालयमा दाखिला गरेको धरौटीको सक्कल बैंक भौचर वा धरौटी खातामा रकम जम्मा भएको प्रमाणित गर्ने निस्सा मिसिलसाथ संलग्न हुनु पर्नेमा सो भएको छैन। पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने धरौटी रकम दाखिला गरेको निस्सा समावेश रहे/नरहेको, धरौटी रकम पुगे/नपुगेको यकिन गरी धरौटीको सक्कल भौचर वा प्रमाणित निस्सा हेरेर मात्र पुनरावेदन दर्ता गर्नु पर्नेमा सो गरेको समेत देखिएन। सर्वोच्च अदालतबाट माथिल्लो प्रकरणमा उल्लिखित नजिर सिद्धान्त र सम्वन्धित ऐनका दफाहरु समेतका आधारमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम थप निर्धारित (कर, शुल्क, व्याज र जरिवाना) विवादित कर रु.११,५५,८४८/- को ५० प्रतिशतले हुने धरौटी रु.५,७७,९२४/– दाखिला भएको नदेखिएकोले धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई पेश गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट इजलासमा व्यक्त गरेकोमा सो रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट शुरु कार्यालयबाट भएको निर्णय सदर गर्ने गरी फैसला गर्ने निर्णय भएकोले सो राय ठहरमा सहमत हुन सकिएन ।

१०) यस मुद्दाको पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि यस सम्वन्धमा विद्वान अधिवक्ताहरुलाई प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान श्री सृजना अधिकारीबाट निर्धारित करको तोकिए अनुसारको रकम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान

उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको ५० प्रतिशतले हुने धरौटी पुगेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो।

११)अतः अभिवृद्धि कर ऐन¸२०५२ को दफा ३१क को उपदफा (६) मा तोकिए बमोजिमको राजस्व वापत दाखिला भएको समेत रु.६,३६,१०३/- मात्र जम्मा भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन¸ २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३*(हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२)*, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने देखिएको धरौटी नराखेको यस मुद्दाको शुरु सदरको रायमा सहमत हुन नसकि देहाय बमोजिम फरक राय लेखेकोछुः-

मुल्य अभिवृद्धि कर ऐन¸२०५२ को दफा ३१क को उपदफा (६) बमोजिम अनिवार्य दाखिला गर्नु पर्ने कर राजस्व रकम सहित हालसम्म कुल रु. ६,३६,१०३/– मात्र दाखिला गरेको मिसिल संलग्न तीनथान फोटोकपी भौचरबाट देखिएको छ। सो रकम बाहेक पुनरावेदन दर्ता गर्दाका बखत आवश्यक पर्ने ऐन बमोजिम तोकिए अनुसारको धरौटी ५,५७,९२४।- रकम दाखिला भएको देखिएन। मुल्य अभिवृद्धि कर ऐन¸२०५२ बमोजिम थप निर्धारित कर रु. ११,५५,८४८/- को ऐ ऐनको दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा तोकिए अनुसार ५० प्रतिशतले हुने रु. ५,७७,९२४/- धरौटी नराखी पुनरावेदन लाग्नै नसक्ने मुद्दा दर्ता भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रस्तुत मुद्दा दर्ता हुँदाका बखतदेखि नै खारेज हुने ठहर्छ। नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाईं)

लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७८ साल चैत्र १३ गते रोज १ शुभम.........................

प्रमाणिकरण मितिः-